# बागमती प्रदेशको मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम सञ्चालन गर्ने संस्था छनौटको लागी कार्यक्षेत्रगत शर्त

**(Terms of Reference)**

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, २०८०

## बागमती प्रदेशको मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम सञ्चालन गर्ने संस्था छनौटको लागी कार्यसूची

**(Terms of Reference)**

### १. पृष्ठभूमिः

नेपालको राष्ट्रिय जनगणना, २०७८ मा नेपालको जनसंख्या २,९१,६४,५७८ मध्ये महिलाको जनसंख्या १,४९,११,०२७ जना छन् भने पुरुषको जनसंख्या १,४२,५३,५५१ जना छन् । लैङ्गिक अनुपात ९५.५९ पुरुष प्रति १०० जना महिला रहेका छन्।

जनसंख्याको हिसावले ५१ प्रतिशत भन्दा बढि भएका महिलाहरु हरेक क्षेत्रमा महिलाहरु पछाडि रहेका छन् ।

लैङ्गिक हिंसाको आधारमा पनि महिला र बालिका धेरै मात्रामा प्रभावित पीडित हुन्छन्। लैङ्गिक हिंसा एक गम्भिर समस्या, सामाजिक अपराध हो । लैङ्गिक हिंसाभित्र बिभेद, कुटपिट,बलात्कार,हत्या, यौनहिंसा ,बालबिवाह ,यौन दर्व्यवहार, यातना र मानव बेचविखन आदि प्रर्दछन् ।बिश्व स्वास्थ्य संगठनका अनुसार आफ्नो जीवनकालभरिमा ३५ प्रतिशत महिलाहरुले कुनै न कुनै प्रकारको हिंसा भोगेका हुन्छन्। पितृसत्तात्मक संरचना, असमान शक्ति सम्वन्ध र महिलाको श्रम शरीर र पहिचान माथिको नियन्त्रण नै महिला हिंसाको मुख्य कारण हो ।महिला हिंसा मानव अधिकारको उलंघन गर्नुका साथै प्रभावितको शारिरीक,मानसिक र सामाजिक, स्वास्थ्यमा समेत गम्भिर चोट पुर्‍याएको हुन्छ ।

हिंसा भएको १ बर्ष देखि ५ बर्ष भित्र कुनै कुनै मानसिक समस्या देखिने बिभिन्न अध्ययन देखाईसकेको छ।हिंसा भएपछि महिलाहरुमा डिप्रेसन, चिन्ता, निद्रामा गडबडी, आत्महत्या जस्ता समस्याको रुपमा देखिन्छ, जस्को कारण सामाजिक जीवन खस्किने र जीवनस्तर घट्ने हुन्छ ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाको अनुसार २०८०।८१ को श्रावण देखि कार्तिक सम्मको जिल्लागत अपाराध तथ्यांक जम्मा ७३९ जस्मा जजक ८३ वटा जजकउ १२, मानव बेचविखन २, बहुविवाह १, बालविवाह १, अत्याहत्या १६२, बालयौन दुरुपयोग/अप्राकृतिक मैथुन ३२, जातिय छुवाछुत २, घरेलु हिंसाको मुद्धा दर्ता ४२२ रहेका छन्।(बागमती प्रदेश कार्यालयको कार्यक्षेत्र १० जिल्लाको मात्र)

बागमती प्रदेश प्रहरी कार्यालयको तथ्यांकको आधारमा महिला र बालिका अर्थात समाजमा मानसिक रुपमा समस्या परेको देखिन्छ ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल



CamScanner

२· उद्देश्य

यस तालिमको प्रमुख उद्देश्य प्रदेश भित्रको १३ जिल्ला ११९ स्थानिय तहमा मनोसामाजिक मनोविमर्शकर्ताको रुपमा स्वयमं भई काम गर्न सक्ने जनशक्ति उत्पादन गर्ने रहेको छ ।जस्को लागि मनोसामाजिक मनोविमर्शकर्ता ६ महिने तालिम दिने सेवा प्रदायक संस्था छनौट गर्ने रहेको छ ।

३· तालिम प्रदायक संस्थाको कार्य क्षेत्र

बागमर्ता प्रदेश भित्र स्थायी बसोबास भएका मनोसामाजिक मनोविमर्शकर्ता ६ महिने तालिमको कार्यविधि अनुसार तालिम लिने ईच्छुक १५ जना महिलालाई सैदान्तिक र ब्यवहारिक कक्षा संचालन गरी दक्ष जनशक्ति उत्पादन गरी तालिम पश्चात पनि समय समयमा प्रगति समिक्षा,छलफल,अनुगमन गर्न पर्ने हुन्छ ।११९ स्थानिय तह, बिद्यालय, समुदाय, जिल्ला सेवा केन्द्र, मनोसामाजिक परामर्श केन्द्र, Safe House, बालसुधार गृह, बालगृह , ज्येष्ठ नागरिक आश्रम आदि प्रतिवेदनहरुमा अध्ययन र विश्लेषण गरी सुधारका कार्य योजनासहित सुझावहरू समेटेर प्रतिवेदन पेश गर्नुपर्नेछ।

४· तालिम प्रदायक संस्थाले गर्नुपर्ने कार्यहरु

- मनोसामाजिक मनोविमर्शकर्ता सम्वन्धी ६ महिने सैद्धानतिक र व्यवहारीक तालिम संचालन गर्ने,
- प्रशिक्षार्थीहरूसँग छलफल
- तालिमको अवलोकन
- तालिम संग सम्वन्धित घटनको अध्यय गर्ने ( मामिला अध्ययन)
- समस्यावाट ग्रसित मानिसहरुलाई परामर्श गरेको बास्तविक नाम ठेगाना गोप्य राख्नु पर्ने ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

५. संस्था छनौट विधि

- यस तालिमको सेवा प्रदायक संस्था छनौट गर्दा प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव पेश गर्ने संस्थाहरु मध्ये यससंग सम्वन्धित (सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४(संशोधन सहित) बमोजिम)

(क)कानून बमोजिम दर्ता भएको

(ख) समाज कल्याण परिषद्को आवद्धता प्रमाणपत्र भएको

(ग) मनोसामाजिक,परामर्श सम्वन्धी कम्तिमा छ महिने तालीम सञ्चालन गरी अनुभव भएको

(घ) कम्तिमा ३ वर्ष अनुभव भएको

(ङ) तालीम सञ्चालनको लागि आफ्नै पूर्वाधार भएको

(च) संस्थामा कम्तीमा १ जना पूर्ण कालिन प्रशिक्षक भएको

(छ) आन्तरिक श्रोतको परिचालन गर्नसक्ने ।

(ज) PAN / VAT मा दर्ता भएको

क. प्रस्ताव छनौटको आधार/मापदण्ड

प्राविधिक र आर्थिक प्रस्ताव अलगअलग रुपमा वन्द खाममा पेश गर्नुपर्ने प्राविधिक प्रस्तावको भार ८० प्रतिशत र आर्थिक प्रस्तावको भार २० प्रतिशत हुनेछ।

ख. प्राविधिक प्रस्तावको मूल्याङ्कनको आधार (१००)

प्राविधिक प्रस्तावको आधारहरू निम्न तालिका बमोजिम हुनेछ। प्राविधिक प्रस्तावमा न्यूनतम ६० अङ्क प्राप्त गर्ने संस्थाको मात्र आर्थिक प्रस्ताव खोलिनेछ। प्राविधिक र आर्थिक प्रस्तावमा उच्च अङ्क प्राप्त गर्ने प्रस्ताव गर्ने संस्थालाई छनोट गरिनेछ ।

| क.स. | आधार | भार | कैफियत |
|---|---|---|---|
| १ | प्रस्ताव र अवधारणा पत्रको मुल्यांकन | २० | |
| २ | संस्थाको भौतिक पक्ष | २० | |
| ३ | संस्थाको जनशक्तिको अवस्था | २० | |
| ४ | संस्थाको सम्वन्धित क्षेत्रको अनुभव | १० | |
| ५ | संस्थाको आन्तरिक श्रोत परिचालनको अंश | १० | |
| ६ | पाठ्यक्रम र कार्ययोजना | २० | |
| | जम्मा | १०० | |



बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

CamScanner

६.तालिमको पाठ्यक्रम

तालिमको पाठ्यक्रममा ४०% सैद्धान्तिक र ६०% प्रयोगात्मक विषयवस्तुहरु समावेश हुनेछन् । तालिम अवधि ६ महिनाको हुनेछ। कुल कार्य घण्टा ७८० हुने गरी दैनिक ६ (छ) घण्टाका दरले हप्तामा ३६ घण्टा तालिम सञ्चालन गरिनेछ।

७.अध्ययनको क्षेत्र र जनसङ्ख्या

मनोसामाजिक मनोविमर्शकर्ताको तालिम लिने १५ जना महिला स्वयम सेवक (मनोसामाजिक मनोविमर्शकर्ताको योग्यता)

क. १२ कक्षा उत्तीर्ण गरेको हुनुपर्ने

ख. २४ वर्ष पुरा भई ४८ वर्ष ननाघेको

ग. बागमती प्रदेशमा स्थायी बसोबास भएको

घ. तालिम अवधिभर सहभागीले पूर्ण समय तालिममा रहने प्रतिवद्ध हुनुपर्ने

ङ. तालिम पश्चात अन्य कुनै पेशामा संलग्न नभई मनोपरामर्श सेवालाई प्राथमिकतामा राखेर काम गर्नसक्ने क्षमता र प्रतिबद्धता भएको

च. विगतमा मनोसामाजिक समस्याबाट गुज्रिएर हाल सामान्य जीवन विताइरहेका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

ज. कानुनले अयोग्य नठहरिएको

झ. घरेलु हिंसाबाट पीडित प्रभावितहरुको लागि सञ्चालित जिल्ला सेवा केन्द्र,सामूदायिक सेवा केन्द्र/ मनोसामाजिक मनोबिमर्श केन्द्र र मनोपरामर्श सेवा दिने संस्था काम गर्न सक्ने रुची भएको ।

ञ. तालिम पश्चात् सामाजिक परामर्श सेवालाई आफ्नो वृत्ति (Career) बनाउन इच्छुक व्यक्तिलाई मात्र सहभागिताको लागि मनोनयन गर्नुपर्नेछ ।

ट. छनोट भएका व्यक्तिहरुको लागि तालिम निशुल्क हुनेछ। सहभागीहरुको लागि खाना र बस्नको व्यवस्था समेत तालिम प्रदाय संस्थाबाट हुने गरी व्यवस्था मिलाइनेछ।

८. तालिमको समयावधिः

संझौता भएको मितिले ६ महिना (२०८० असार १५ भित्रमा अन्तिम प्रगति प्रतिवेदन बुझाइसक्नु पर्ने )

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

९. भुक्तानी सम्बन्धी व्यवस्थाः छनोट भएको मनोविमर्शकर्ता तालिम संचालन गर्ने संस्थालाई संझौता भएको रकम तपशिल बमोजिम दुई किस्तामा भुक्तानी गरिनेछ ।

- पहिलो किस्ताः ५० प्रतिशत रकम
- अन्तिम किस्ताः ५० प्रतिशत रकम कार्यसम्पादन को कार्य सम्पादन सम्पन्न भएको अन्तिम प्रतिवदेन पेश गरेपछि ।

१०. प्रस्तावना पत्र पेश गर्ने तरिका र पेश गर्नुपर्ने कागजातहरु

प्रस्तावना पत्र पेश गर्न चाहने संस्थाले प्रस्तावना पत्रलाई खाममा शिलवन्दी गरी खामको बाहिर नाम ठेगाना स्पष्ट उल्लेख गरी निम्न बमोजिमका कागजात संलग्न गरी मन्त्रालयले प्रस्ताव मागेको मितिले १५ दिन भित्र कार्यालय समय भित्र पेश गर्नुपर्नेछः

- संस्थाको दर्ताको प्रतिलिपि
- संस्थाको विधानको प्रतिलिपि
- संस्थाले गरेके मनोसामाजिक मनोविमर्श सम्वन्धि ६ महिने तालिम (३ पटक )
- VAT मा दर्ताको प्रतिलिपि
- आ व २०७९।०८० को कर दाखिला प्रमाण पत्रको प्रतिलिपि
- दक्ष्य जनशक्ति (वैयक्तिक विवरण र शैक्षिक योग्यता र अनुभवका प्रमाण पत्रहरुका प्रतिलिपि
- छुट्टा अलग सिलबन्दी खाममा प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

## ११. तालिमको लागि अनुमानित बजेट

| क्र.सं. | विवरण | ईकाई | परिमाण | दर | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सहभागी स्टेशनरी | वटा | १६ | | | |
| २ | तालिम स्टेशनरी | | | | | |
| ३ | प्रशिक्षक भत्ता | वटा | ३×१०४ दिन | | | |
| ४ | चिया नास्ता सहभागि र तालिम सहजकर्ता | जना | २१× १०४ | | | |
| ५ | यातायात सहभागि | | | | | |
| ६ | Exposure visit /learning exchange program | | | | | |
| ७ | संयोजक | जना | १× १०४ | | | |
| ८ | सहयोगी | जना | २× १०४ | | | |
| ९ | आवास | जना | १५×३ महिना | | | |
| ९ | प्रमाणपत्र,व्यानर,पानी , बिविध प्रतिवेदन | | | | | |
| १० | अनुगमन तथा मुल्यांकन | | | | | |
| ११ | सूचना प्रकासन /TOR निर्माण, बैठक अनुगमन | | | | | |
| | | | | जम्मा | | |

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल